# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

**खण्ड ५०) काठमाडौं, असार २६ गते २०५७ साल (अतिरिक्ताङ्क १६(क)**



## भाग ३

### श्री ५ को सरकार

### उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना

श्री ५ को सरकारले निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी जनवादी गणतन्त्र चीनको स्वशासित क्षेत्र तिब्बतबाट भई रहेको आयात व्यापारलाई बढी व्यवस्थित गर्न २०५७ साल साउन १ गते देखि लागू हुने गरी देहाय बमोजिमको व्यवस्था गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

(क) जनवादी गणतन्त्र चीनको स्वशासित क्षेत्र तिब्बतबाट देहाय बमोजिमको माध्यमबाट माल बस्तुहरु पैठारी गर्न पाईने छः

(१) प्रतित पत्रको माध्यमबाट,

(२) नेपाल राष्ट्र बैंकले व्यवस्था गर्ने बैंक ड्राफ्ट तथा परिवर्त्य नगद विदेशी मुद्राको माध्यमबाट,र

(३) परम्परागत वस्तु विनिमयको माध्यमबाट।

खण्ड (क) बमोजिम पैठारी गर्दा देहाय बमोजिमको प्रकिया अबलम्वन गर्नुपर्ने छः-

(१) परम्परागत रुपमा वस्तु विनिमय प्रणाली अन्तर्गत पैठारी हुने भनी यस सूचनामा तोकिएका वस्तुहरु बाहेकका अन्य बस्तुहरु बैंकिङ्ग माध्यमबाट मात्र भुक्तानी गरी पैठारी गर्न पाईने छ।

(२) खण्ड ४२, संख्या ३३, मिति २०४९ साल मंसीर १५ गतेको नेपाल राजपत्र भाग ३ मा प्रकाशित वाणिज्य मन्त्रालयको सूचनाबाट निकासीमा रोक लगाईएका वस्तुहरु बाहेक अन्य बस्तुहरु प्रतितपत्र (एल.सी.)र वस्तु विनिमय प्रणालीको माध्यमद्धारा निर्यात गर्न पाईने छ। आयात गरिने वस्तुको हकमा यसै सूचनामा उल्लेख भए बमोजिम हुनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

364

(३) परिवर्त्य विदेशी मुद्रा, नगद र बैंक ड्राफ्टबाट भुक्तानी हुने गरी गरिने आयातको हकमा नेपाल राष्ट्र बैंकले तोकेको कार्यविधि बमोजिम हुनेछ ।

(४) उधारोमा आयात गर्दा आयात गरिने वस्तुको उद्घोषण गरी कूल मूल्यको १०(दश) प्रतिशत धरौटी बापतको रकम भन्सार बिन्दूमा आयात कर्ताले जम्मा गर्नुपर्ने छ । यस सम्बन्धी कार्यविधि भन्सार विभागले तोके बमोजिम हुनेछ ।

(५) परम्परागत वस्तु विनिमय प्रणाली अनुसार देहाय बमोजिमका वस्तुहरु आयात गर्न पाईनेछः-

| | | |
|---|---|---|
| (क) कच्चा ऊन | (ख) भेडा च्याङ्ग्रा | (ग) नून |
| (घ) याक र याकको पुच्छरहरु | (ङ) गलैंचा | (च) ऊनी कम्बल |
| (छ) कच्चा पशिमना | (ज) आलु | (झ) तरकारीहरु |
| (ञ) प्याज | (ट) छुर्पी | (ठ) काठका फर्निचरहरु |
| (ड) नौनी | (ढ) घ्यू | (ण) जडिबुटीहरु |
| (त) रेपसिड | (थ) फलफूलहरु | (द) फेब्रिक्स |
| (ध) जुत्ता | न) श्रृंगारका सामानहरु | (प)इलेक्ट्रोनिक्स सामानहरु |
| (फ) इलेक्ट्रिक्स सामानहरु | (ब) मेशिनरी सामानहरु | भ) निर्माण सामग्री |
| (म) कस्मिरी/कस्मिरी यार्न सिल्क यार्न र सिल्क खादा | (य) श्री ५ को सरकारले समय समयमा तोके बमोजिमका अन्य वस्तुहरु । | |

(६) वस्तु विनिमय प्रणालीबाट आयात गर्दा सोको बदलामा गरिने निर्यातको सामानको विवरण सहितको निकासी र पैठारी इजाजत पत्र व्यापारी बीचको सम्झौताको आधारमा वाणिज्य विभागले जारी गर्ने छ ।

(७) तोकिएको माल वस्तु निकासी पैठारी गर्न इजाजत पत्र लिन चाहने फर्म वा कार्यालयले निकासीको निमित्त भए अनुसूची- १ र पैठारीको निमित्त भए अनुसूची-२ बमोजिमको ढाँचामा दरखास्त दिनुपर्ने छ ।

(८) तोकिएको माल वस्तुको निकासी पैठारी गर्नेको लागि इजाजत पत्र जारी गर्दा श्री ५ को सरकारले समय समयमा निर्धारण गरेको नीतिको अधिनमा रही निकासीको लागि अनुसूची-३ र पैठारीको लागि अनुसूची-४ बमोजिमको ढाँचामा इजाजत पत्र जारी गर्नेछ ।

(९) इजाजत पत्रको म्याद बढीमा ६ महिना अवधिको हुनेछ र कुनै कारणवस उक्त इजाजत पत्रमा म्याद थप गर्नु पर्ने भएमा एक पटकमा ३।३ महिना गरी बढीमा ६ महिनाको म्याद थप गर्न सकिने छ ।

(१०) निकासी पैठारी इजाजत पत्रमा उल्लिखित माल वस्तुको वास्तविक मूल्य कायम गर्दा भन्सार प्रयोजनको लागिं भन्सार कार्यालयले मान्यता दिएको मूल्यनै कायम हुनेछ ।

(११) निकासी पैठारी इजाजत पत्रको लागि दरखास्त दिंदा प्रत्येक निकासी इजाजतको लागि १० रुपैंयाँ र प्रत्येक पैठारी इजाजतको लागि १० रुपैयाँ दस्तुर लाग्नेछ ।

(१२) निकासी पैठारी इजाजत पत्रमा उल्लिखित व्यहोरा संशोधन गर्न र सक्कल इजाजत पत्र नासिएमा वा हराएमा सम्बन्धित इजाजत प्राप्त फर्म वा कार्यालयले माग गरेमा इजाजत पत्र संशोधन र इजाजत पत्रको सक्कल सरहको प्रतिलिपि इजाजत पत्र दिन सकिने छ ।

(१३) नेपाल अधिराज्य भित्र दर्ता भएका फर्महरुले मात्र वस्तु विनिमय प्रणाली अन्तर्गत निकासी पैठारी गर्न पाउने छन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१४) श्री ५ को सरकारका सम्बन्धित निकाय र कुटनैतिक नियोगको लागि इजाजत पत्र शुल्क लाग्ने छैन ।

(१५) वस्तु विनिमय प्रणाली अन्तर्गत निकासी पैठारी गर्न इजाजत पत्र प्राप्त गर्ने फर्मले निकासी पैठारी भएको सात दिन भित्र तोकिएको ढाँचामा सो को विवरण वाणिज्य विभागमा पेश गर्नु पर्नेछ ।

(१६) वस्तु विनिमय प्रणाली अन्तर्गत भएको निकासी पैठारी सम्बन्धमा वाणिज्य विभागबाट समय समयमा निरीक्षण, अनुगमन तथा मूल्याङ्कन गरिनेछ ।

(१७) परिवर्त्य विदेशी मुद्रा भुक्तानी हुने गरी प्रतितपत्र, ड्राफ्ट, नगद वा उधारो सबैको निकासी पैठारीको विवरण प्रत्येक हप्ता नेपाल राष्ट्र बैंकले वाणिज्य विभागमा पठाउनु पर्नेछ ।

(१८) यस सूचनामा उल्लिखित विषयका हकमा यसै सूचना बमोजिम र अन्यका हकमा खण्ड ४२,संख्या ३३, मिति २०४९ साल मंसीर १५ गतेको नेपाल राजपत्र भाग ३ मा प्रकाशित वाणिज्य मन्त्रालयको सूचना बमोजिम हुनेछ ।

द्रष्टव्य जनवादी गणतन्त्र चिनको सीमानाबाट ३० किलो मिटर भित्रको सीमावर्ती क्षेत्रमा वसोवास गर्ने व्यक्तिहरुले रु. १६,०००।- सम्मको माल वस्तु पैठारी गर्दा उपरोक्त बमोजिमको प्रकिया अवलम्वन गरी रहनु पर्ने छैन ।

मुद्रण विभाग (वेब)



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची - १

# चीनको स्वशासित क्षेत्र तिव्वततर्फ निकासी गर्न भर्नु पर्ने

## दरखास्त फाराम

श्रीमान् महानिर्देशकज्यू,
वाणिज्य विभाग ।

मिति :-

१. निकासीकर्ता फर्म वा कम्पनिको नाम र ठेगाना, रजिष्ट्रेशन नं. :-
२. फर्म वा कम्पनिको सञ्चालक, हिस्सेदार वा धनीको नाम र ठेगाना :-
३. निकासी गर्न चाहेको वस्तुको विवरण :-

| | वस्तु | परिमाण | मूल्य |
|---|---|---|---|
| १. | ........................ | ........................ | ........................ |
| २. | ........................ | ........................ | ........................ |
| ३. | ........................ | ........................ | ........................ |
| ४. | ........................ | ........................ | ........................ |
| ५. | ........................ | ........................ | ........................ |

४. निकासी गरिने भन्सारको नाम :-
५. विदेशी खरिददारहरूको नाम र ठेगाना :- ( मिति ........................... को सम्झौता संलग्न छ )
६. अन्तिम पटक भएको नविकरण मिति:-
७. निकासी गर्ने अवधि :-
८. यस अधि इजाजत पत्र प्राप्त गरेको भए सोको विवरण :-
९. दरखास्तवालाले दस्तखत गर्न पाउने गरी निजलाई फर्म वा कम्पनीले लेखिए अधिकार पत्रको संख्या ............................ मिति ..........................
१०. अन्य आवश्यक विवरण :-

म/हामी कवुलियत गर्दछु/गर्दछौं कि माथि उल्लिखित कुराहरू आफुले जाने सम्म साँचो र ठीक छन् । यसमा दिएको विवरण झुट्ठा अथवा वेठीक ठहरेमा मेरो/हाम्रो नाउँमा जारी भएको इजाजत पत्र बदर गरिएमा मलाई/हामीलाई मञ्जुर छ । उपरोक्त कवुलियतको समर्थनको निमित्त इजाजत पत्र दिने अधिकारीले मागेको कागजपत्रहरू दिन म/हामी तयार छु/छौं । मैले/हामीले यस कार्यालयलाई वुझाउनु पर्ने कुनै रकम वाँकी छैन ।

मिति :-

दरखास्तवालाको सहिछाप र दर्जा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३६८

अनुसूची - २

## चीनको स्वशासित क्षेत्र तिव्वतवाट पैठारी गर्न भर्नु पर्ने
## दरखास्त फाराम

श्रीमान् महानिर्देशकज्यू,
वाणिज्य विभाग ।

मिति :-

१. दरखास्तवालाको पूरा विवरण :
   (क) दरखास्तवाला फर्म वा कम्पनिको नाम :-
   (ख) पूरा ठेगाना :-
   (ग) दर्ता भएको कार्यालयको नाम, ठेगाना :-
   (घ) दर्ता नम्वर ...................... मिति ..............................
   (ङ) अन्तिम पटक नविकरण भएको मिति .......................... स्थान ......................
   (च) सञ्चालक, हिस्सेदार वा धनीको नाम :-

२. पैठारी गर्न चाहेको माल वस्तुको विवरण :-

| | वस्तु | परिमाण | मूल्य |
|---|---|---|---|
| १. | .................... | ......................... | ......................... |
| २. | .................... | ......................... | ......................... |
| ३. | .................... | ......................... | ......................... |
| ४. | .................... | ......................... | |
| ५. | .................... | ......................... | |

३. मिति ........................ सम्झौता पत्र संलग्न छ ।
४. पैठारी गरिने माल वनाउने देश :-
५. पैठारी गरिने माल चलान हुने मिति :-
६. पैठारी हुने भन्सारको नाम :-
७. यस अघि इजाजत पत्र प्राप्त गरेको भए सो विवरण :-
८. पैठारी हुने भन्सारमा आइ पुग्ने सम्भावित मिति :-
९. दरखास्तवालाले दस्तखत गर्न पाउने गरी निजलाई फर्म वा कम्पनीले लेखिए अधिकारपत्रको संख्या .................. मिति .........................
१०. अन्य आवश्यक विवरण :

म/हामी कवुलियत गर्दछु/गर्दछौं कि माथि उल्लिखित कुराहरू आफुले जाने सम्म साँचो र ठीक छन् । यसमा दिएको विवरण झुट्ठा ठहरेमा म/हामीलाई दिएको इजाजतपत्र वदर गरिएमा मलाई/हामीलाई मञ्जुर छ । उपरोक्त कवुलियतको समर्थन निमित्त इजाजतपत्र दिने अधिकारीले माग गरेको सम्वन्धित कागजपत्रहरू- दिन म/हामी तयार छु/छौं । मैले/हामीले यस कार्यालयमा वुझाउनु पर्ने कुनै रकम वाँकी छैन ।

मिति :

दरखास्तवालाको सहिछाप र दर्जा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

S.No.

अनुसूची - ३

His Majesty's Government of Nepal
Ministry of Industry, Commerce & Supplies

# Department of Commerce

Export Licence No.

Kathmandu
Nepal ....................

.......................................................................................................................................................

................................................................................................................ Nepal is/are here by authorised to export from Nepal the goods of which particulars are given below :

1. Description of goods | Country of origin | Quanity | Value
   a)
   b)
   c)
2. Approximate total value FOB Nepali rupees in figures ........................... .... ... ... .. ....
   ......................... ......................................(in words)
   .......................................................................................................................................
3 Period of shipment ....................................................................................................................
4. Limiting factor for purpose of clearance through customs quantity
   Value
   .......................................................................................................................................
   .......................................................................................................................................
   .......................................................................................................................................
   ..
5. Importer's Name (as per agreement) :
   Importer's Address :
   Date :-

...................................
Department of Commerce
His Majesty's Govt. of Nepal

C.C.

1 Department of Customs, Tripureshwor, Kathmandu.
2 Nepal Rastra Bank, Baluwatar, Kathmandu
3 Nepal Trade Promotion Centre, Pulchowk, Lalitpur

Note : The import Licence no. ...... is issued against this export licence..................
Date....................



मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८०

S.No. अनुसूची - ४

His Majesty's Government of Nepal
Ministry of Industry, Commerce & Supplies

# Department of Commerce

Import Licence No.

Kathmandu
Nepal ..........................

.............................................................................................................................................
.............................................................................................................................. Nepal is/are here by authorised to import into Nepal the goods of which particulars are given below :

1. Country from which Consigned..........................................................................................

| Description of goods | Country of origin | Quanity | Value |
|---|---|---|---|
| a) | | | |
| b) | | | |
| c) | | | |

2. Approximate total value FOB/C&F/C.I.F. Nepali rupees in figures ............................. ....
... ... .. .... ........................ ..................................(in words)
.............................................................................................................................
3. Period of shipment .............................................................................................
4. Limiting factor for purpose of clearance through customs quantity
Value
5. Approximate time of arrival at .........................................Nepal ...................... ...... ...
.............................................................................................................................
.............................................................................................................................
6. Exporter's Name (as per agreement) :
Exporter's Address :

Date :-

..................................
Department of commerce
His Majesty's Govt. of Nepal

C.C.
1. Department of Customs, Tripureshwor Kathmandu.
2. Nepal Rastra Bank, Baluwatar, Kathmandu
3. Nepal Trade Promotion Centre, Pulchowk Lalitpur.

Note : This import Licence is issued against export licence No. .................... Date .................

आज्ञाले,
मोहनदेव पन्त
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

359

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।